छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ३ २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत २०८० सालको नियमावली नं. २**

**छायाँनाथ रारा नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८०**

**<u>प्रस्तावना:</u>** स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७४ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले देहायको नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८० रहेको छ।

(२) यो नियमावली स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>छायाँनाथ रारा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १ मा संशोधनः</u>** छायाँनाथ रारा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (यस पछि "मूल नियमावली" भनिएको) नियम १ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।"

३. **<u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६ को,-

(१) "उपनियम (१) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्डहरु राखिएको छः-

"(ख) व्यवसाय संचालकको दुई प्रति फोटो,

(ग) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तिमा दश वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात"

४. **<u>मूल नियमावलीको नियम १०७ मा संशोधनः</u>** मूल नियमावलीको नियम १०७ को,-

(१) उपनियम (ख१) को सट्टा देहायको खण्ड (ग) को खण्ड (३) भन्ने शब्द राखिएको छः-

"ख१ (नगरपालिकाले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नांपजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण गर्ने"

निर्णय भएको मितिः २०८०/०७/२२

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत